PAN No.: 302625387
Regd. No.: 314953/79/080

# Suryakunda Hydro Electric Limited
# सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड

च.नं. २६ | ०८३|८४

मिति: २०८३/०६/२६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार, काठमाडौं ।

**विषय: कम्पनीको २०औं वार्षिक साधारण सभामा प्रस्ताव गरिएको एजेन्डाहरु पारित गरि निर्वाचित संचालक समितिको विवरण सहित अध्यक्ष मनोनयन गरिएको सम्बन्धमा ।**

महोदय,
उपरोक्त सम्बन्धमा सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडको मिति २०८३/०६/२३ गते, २०औं वार्षिक साधारण सभा होटल क्रिष्टल पशुपति गौशाला काठमाडौंमा सम्पन्न गरिएको जानकारी अनुरोध गर्दछु।

**कम्पनीको २०औं वार्षिक साधारण सभाबाट पारित निर्णयहरु**

**क) सामान्य प्रस्ताव**

१) सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडको २०औं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत भएको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

२) यस कम्पनीको आर्थिक वर्ष २०८२/२०८३ को लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८२/०८३ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल हुदा प्रतिवेदनमा उल्लेख्य भएका हिसाबहरु कम्पनीको वास्तविकता झल्काएको पाएको भनि सबै शरेधानीहरुले सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

३) सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडको आ.व २०८३/०८४ का लागि लेखापरिक्षकको नियुक्ति गर्ने सम्बन्धमा छलफल गर्दा लेखापरिक्षक एस अनिल एसोसिएट्सलाई नियुक्त गर्ने र निजको पारिश्रमिक कर बाहेक १,००,०००/– (एक लाख मात्र) हुने निर्णय सभाबाट सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

**ख) विशेष प्रस्ताव**

१) सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडको प्रबन्ध संचालकको नियुक्ति तथा पारिश्रमिक अनुमोदन गरि सभाबाट सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

२) कम्पनीको नियमावली २३ मा आवश्यक संसोधन गर्ने सर्वसम्मतले पारित निर्णय गरियो ।

३) सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड अद्यावधिक गर्दा नियमनकारी निकाय विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा कम्पनी अद्यावधिक गर्दा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन आवश्यक थपघट वा परिमार्जन भएमा आवश्यक कार्य गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान सर्वसम्मतले पारित निर्णय गरियो ।

४) सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडको कम्पनी नियमावलीको दफा २७ को उपदफा २ बमोजिम व्यवस्था भएबमोजिम जम्मा ५ जना संचालक समिति रहने व्यवस्था गरिएको छ । यसमा एक जना स्वतन्त्र संचालक समेत रहने व्यवस्था गरिएको छ । कम्पनीले सर्वसाधारणमा शेयर जारी भए पश्चात कम्पनी नियमावलीको व्यवस्थानुसार शेयरधनीहरुमा चयन गरी संचालक समितिको निर्वाचन गर्न पत्रिकामा प्रकाशित सूचना बमोजिम अधिवक्ता संजय आचायज्युले संचालकहरुको निर्वाचनको कारबाहि गरिएकोमा तपशिल बमोजिम ५ जना संचालकहरु कम्पनीको नियमावलीको दफा २७ को उपदफा ३ बमोजिम ४ वर्ष कार्यकालका लागि निर्वाचित/मनोनयन हुनुभएको घोषणा यस सभाबाट पारित गरियो ।

| क्र. सं. | नाम | ठेगाना | पद |
|---|---|---|---|
| १. | श्री संजिव न्यौपाने | काठमाण्डौं का.म.न.पा.-३१ | संचालक समिति सदस्य |
| २. | श्रीमती सिर्जना खडका | ललितिपुर , ल.उ.म.पा-१२ | संचालक समिति सदस्य |
| ३. | श्री द्वारिका प्रसाद न्यौपाने | अछाम, शान्तडा-०९ | संचालक समिति सदस्य |
| ४. | श्री शुसान्त तिमिल्सिना | काठमाण्डौं का.म.न.पा.-३१ | संचालक समिति सदस्य |
| ५. | श्री लोकराज जोशी | दिलासैनी – ०५ , बैतडी | संचालक समिति सदस्य |

सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडको मिति २०८३/०६/२६ गते अपराह्न ४ : ०० बजे बसेको संचालक समितिकोबैठकको निर्णयनुसार यस सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडको संचालक समितिको अध्यक्ष पदमा श्री संजिव न्यौपानेज्यूलाई मनोनयन गरिएको जानकारी अनुरोध गर्दछु ।

भवदीय,

सिद्धार्थ शर्मा
कम्पनी सचिव

SURYAKUNDA HYDRO ELECTRIC LTD. SKH 2064 Kathmandu, Nepal

**बोधार्थ:**
श्री नेपाल धितोपत्र बोर्ड ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड ।
श्री विद्युत नियमन आयोग ।
श्री विद्युत विकास विभाग ।

4th Floor, Trade Tower Nepal, Thapathali-11, Kathmandu, Nepal, Phone: +977-01-5111093
Email: suryakundahydro@gmail.com, Website: www.suryakundahydro.com.np